"समृद्ध आमचोक गाउँपालिका: शुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बालंखा,भोजपुर

सू.नं.:-५१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

मिति– २०८१/०१/१३

## कर्मचारीको तह वृद्धि सम्वन्धी सूचना

कर्मचारी समायोजना ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका र संघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भइ स्थानीय तहमा नियुक्ति/सिफारिस/समायोजन/समायोजन मिलान भएको आमचोक गाउँपालिका अन्तर्गत कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० वमोजिम तह वृद्धि/मिलानको लागि सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र तपशिल वमोजिमको कागजात सहित रीतपूर्वकको फारम भरी आवेदन सहित यस कार्यालयमा पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ४ बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित आवेदन पेश गर्ने

क.स्थायी नियुक्ति पत्र
ख. समायोजन पत्र वा मिलान पत्र
ग.पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्याङ्कन
घ.शैक्षिक योग्यताको प्रमाण पत्र

२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ८ को उपदफा (१६) र (१७) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित आवेदन पेश गर्ने

क.स्थायी नियुक्ति पत्र
ख. समायोजन भएको वा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगको सिफारिस र नियुक्ति पत्र
ग.शैक्षिक योग्यताको प्रमाण पत्र
घ.पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्याङ्कन

३. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा २७ को उपदफा (१) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित आवेदन पेश गर्ने

क.स्थायी नियुक्ति/बढुवा/तह वृद्धिको पत्र
ख. लोकसेवा आयोगवाटसंघीय पदमा सिफारिस र नियुक्ति भई स्थानीय तहमा समायोजन भएको पत्र
ग.पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्याङ्कन
घ.शैक्षिक योग्यताको प्रमाण पत्र

प्रमुख प्रशासकीय अधिकृत

२०८१/१/१३

धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

e-mail : ito.aamchowkmun@gmail.com , info@aamchowkmun.gov.np
Website : www.aamchowkmun.gov.np, Facebook : facebook.com/aamchowk.gounpalika